# बिद्युत सम्बन्धि कम्पनिको शेयरको सार्वजनिक निष्काशन सम्बन्धि निर्देशिका, २०७६

प्रस्तावनाः

**बिद्युत नियमन आयोग नियमावली २०७५ को नियम ४५ बमोजिम बिद्युत उत्पादन, प्रसारण, वितरण वा व्यापारको काम गर्न अनुमतिप्राप्त कम्पनि वा संस्थाहरुको शेयरको सार्वजनिक निष्काशन गर्नुपूर्व यस आयोगबाट स्वीकृति लिनु पर्ने व्यवस्थालाई स्पस्ट, पारदर्शी तथा प्रभावकारी रुपमा कार्यान्वयन गर्न बिद्युत नियमन आयोग ऐन, २०७४ को दफा ४३ ले दिएको अधिकार प्रयोग गरी आयोगले यो निर्देशिका जारी गरिएको छ ।**

## परिच्छेद-१

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः**

(क) यस निर्देशिकाको नाम "बिद्युत सम्बन्धि कम्पनिको शेयरको सार्वजनिक निष्काशन सम्बन्धि निर्देशिका, २०७६" रहेको छ ।

(ख) यो निर्देशिका नेपाल राज्यभर लागु हुनेछ ।

(ग) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा: विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,**

(क) "आयोग" भन्नाले बिद्युत नियमन आयोग ऐन, २०७४ बमोजिमको बिद्युत नियमन आयोग सम्झनु पर्छ ।

(ख) "अनुमतिप्राप्त कम्पनि" बिद्युत उत्पादन, प्रसारण, वितरण वा व्यापारको काम गर्न अनुमतिप्राप्त कम्पनि वा संस्थाहरु सम्झनु पर्छ ।

(ग) "ऐन" भन्नाले बिद्युत नियमन आयोग ऐन, २०७४ सम्झनु पर्छ ।

(घ) "नियमावली" भन्नाले बिद्युत नियमन आयोग नियमावली, २०७५ सम्झनु पर्छ ।

(ङ) "वित्तीय व्यवस्थापन" भन्नाले अनुमतिप्राप्त कम्पनि र बैंक तथा वित्तीय संस्थाहरुबीच परियोजना निर्माणका लागि ऋण लगानी गर्न भएको सम्झौता सम्झनु पर्छ ।

**(च)** "शेयरको सार्वजनिक निष्काशन" भन्नाले प्रारम्भिक शेयर निष्काशन (Initial Public Offering), हकप्रद शेयर निष्काशन (Right Share Offering), थप सार्वजनिक निष्काशन (Further Public Offering) वा बिक्री प्रस्ताव (Offer Document) मार्फत धितोपत्र बिक्री समेतलाई सम्झनु पर्छ ।

## परिच्छेद-२

## स्विकृती सम्बन्धी व्यवस्था

३. **स्वीकृति लिनु पर्ने :** नियमावलीको नियम ४५ बमोजिम अनुमतिप्राप्त कम्पनिले शेयरको सार्वजनिक निष्काशन गर्नुपूर्व यस आयोगबाट स्वीकृति लिनु पर्नेछ ।

*तर, नेपाल स्टक एक्सचेन्जमा सूचिकृत भएको कम्पनि वा संस्थाको शेयर खरिद बिक्रि दलाल कम्पनि मार्फत खरिद बिक्रि गर्न स्वीकृती आवश्यक पर्ने छैन ।*

४. **योग्यता :** (क) दफा ३ बमोजिम स्विकृतीका लागि निवेदन दिन चाहने अनुमतिप्राप्त कम्पनिहरुको देहाय बमोजिमको योग्यता भएको हुनुपर्नेछ :-

(१) शेयरको सार्वजनिक निष्काशन तथा सो निष्काशनबाट प्राप्त हुने कूल रकमको उपयोग सम्बन्धमा स्पष्ट वित्तीय योजना तथा रणनीतिहरू साधारण सभाबाट पारित गरेको ।

(२) संस्थापक शेयरधनीहरुलाई जारी पूँजी शत प्रतिशत चुक्ता भएको ।

(३) परियोजना निर्माणको लागि आवश्यक वित्तीय व्यवस्थापन भएको ।

(४) निर्माणको चरणमा रहेका परियोजनाहरुको हकमा मूख्य संरचनाहरुको निर्माण कम्तिमा ५० प्रतिशत सम्पन्न भएको र परियोजना सम्पन्न भएपछि परियोजनाबाट उत्पादित बिद्युत राष्ट्रिय प्रशारणलाइन सम्म जोड्नका लागि आवश्यक पूर्वाधारको प्रत्याभूति रहेको ।
*तर शेयरधनीहरुको लगानी सुरक्षित हुने प्रत्याभूति भएको अवस्थामा शेयर मुल्यको बढिमा दश प्रतिशतसम्म भुक्तानी हुने गरी शेयर निष्काशन गर्न बाधा पर्ने छैन ।*

(५) परियोजना प्रभावित क्षेत्रका बासिन्दाका लागि छुट्याइएको शेयरको सम्बन्धमा अनुमतिप्राप्त कम्पनिको बार्षिक साधारणसभा र संचालक समितिमा निर्णय भएको हुनुपर्ने र सो सम्बन्धमा परियोजना प्रभावित क्षेत्रका बासिन्दासँग कुनै किसिमको सहमति भएको भए सो सहमति समेत उल्लेख भएको ।

(६) हकप्रद शेयर वा थप सार्वजनिक निष्काशन गर्न प्रारम्भिक शेयर निष्काशन गरेको मितिले दुई वर्ष पूरा भएको ।

(ख) माथि दफा ४ (क) मा जुनसुकै कुरा उल्लेख गरिएको भएतापनि दोश्रो कम्पनीको शेयर खरिद गर्ने वा अन्य कम्पनी वा संस्था गाभ्ने वा बैंक, वित्तीय संस्थाको ऋण तिर्ने उद्देश्यले शेयरको थप सार्वजनिक निष्काशन तथा हकप्रद शेयर निष्काशन गर्न पाउने छैन ।

५. **निवेदन पेश गर्नु पर्ने :** शेयरको सार्वजनिक निष्काशन गर्न स्विकृतीका लागि अनुसूची -१ अनुसारको कागजात तथा अनुसूची -२ अनुसारको शुल्क बुझाएको भौचर सहित निवेदन पेश गर्नु पर्ने छ ।

६. **स्विकृती प्रदान गर्ने :** दफा ५ बमोजिम अनुमतिप्राप्त कम्पनिबाट पर्न आएको निवेदन तथा सो साथ संलग्न कागजात उपर आयोगले जाँचबुझ गर्दा दफा ४ बमोजिमको योग्यता पूरा भएको पाईएमा स्वीकृती प्रदान गर्नेछ ।

## परिच्छेद ३

## विविध

७. **निष्काशनको तरिका :** परियोजना प्रभावित क्षेत्रका बासिन्दाका लागि छुट्याइएको शेयर र प्राथमिक शेयर निष्काशन एकैपटकमा सम्पन्न गर्न सकिनेछ ।

८. **आदेश र निर्देशन जारी गर्नेः** आयोगले ऐन, नियमावली र निर्देशिका बमोजिम कार्यान्वयन गर्न र यस निर्देशिका बमोजिम निर्दिष्ट विषय सम्पादन गर्न समय-समयमा आदेश वा परिपत्र जारी गर्न सक्नेछ।

९. **मापदण्ड, संहिता तथा संस्थागत सुशासनः** अनुमतिप्राप्त कम्पनिले आयोगबाट समय समयमा जारी भएको मापदण्ड, संहिता तथा संस्थागत सुशासन सम्बन्धि निर्देशन पालना गर्नु पर्नेछ ।

१०. **अन्य कानुनी व्यवस्था :** शेयरको सार्वजनिक निष्काशनका सम्बन्धमा अन्य व्यवस्थाहरु प्रचलित धितोपत्र सम्बन्धि ऐन, नियमावली वा निर्देशिका अनुसार हुनेछ ।

## अनुसूची-१

## संलग्न गर्नु पर्ने कागजातहरु

(क) शेयरको सार्वजनिक निष्काशन गर्ने अनुमतिप्राप्त कम्पनिको विवरण, संचालकहरु र पाँच प्रतिशत भन्दा बढी स्वामित्व भएका शेयरधनीहरुको वैयक्तिक विवरण (Resume)।

(ख) अनुमतिप्राप्त कम्पनिको संस्थापक शेयरधनीहरुलाई जारी पूँजी शत प्रतिशत चुक्ता भएको प्रमाणित गर्ने कम्पनि रजिस्ट्रारको कार्यालयमा अध्यावधिक शेयर लागत ।

(ग) परियोजना सम्बन्धि विवरण ।

(घ) निर्माणको चरणमा रहेका परियोजनाको हकमा परियोजना निर्माणको प्रगति विवरण, हालसम्म भएको खर्चको विवरण र प्रशारणलाइनको हालको अवस्था वा परियोजना सम्पन्न भएपछि परियोजनाबाट उत्पादित बिद्युत राष्ट्रिय प्रसारणलाइन सम्म जोड्नका लागि आवश्यक पूर्वाधारको प्रत्याभूति दिने कागजात तथा विवरण ।

(ङ) बिद्युत सम्बन्धि परियोजना निर्माणको लागि प्रचलित कानून बमोजिमका निकायबाट इजाजत, अनुमति वा स्वीकृति सम्बन्धी कागजात।

(च) शेयरको सार्वजनिक निष्काशन गर्ने सम्बन्धमा सञ्चालक समिति तथा साधारण सभाको निर्णय ।

(छ) वित्तीय व्यवस्थापन भएको प्रमाणित गर्ने कागजात ।

(ज) पछिल्लो तिन वर्षको लेखा परीक्षण भएको वित्तीय विवरण ।

(झ) आगामी तिन बर्षको वित्तीय प्रक्षेपण ।

(ञ) शेयरको सार्वजनिक निष्काशनका लागि निष्काशन तथा बिक्री प्रबन्धक नियुक्त गरिएको भएमा सम्झौताको विवरण ।

(ट) निष्काशन गरिने शेयरको प्रत्याभूत (अण्डरराइट) गरिएको भए प्रत्याभूतिकर्तासँग गरिएको सम्झौता।

(ठ) शेयरको सार्वजनिक निष्काशनको सम्बन्धमा विवरणपत्र तयार गरीसकेको भए सो विवरणपत्र ।

(ड) शेयरको सार्वजनिक निष्काशनको सम्बन्धमा साख निर्धारण (क्रेडिट रेटिंग) गराईसकेको भए सो सम्बन्धि विवरण।

अनुसूची - २

## सेवा शुल्क

**१) रु. दस करोड सम्मको सार्वजनिक निष्काशनका लागि : रु. १००,००० (एक लाख)**

**२) रु. दस करोड भन्दा माथि प्रत्येक दस करोड सम्मका लागि : रु. ५०,००० (पचास हजार)**

<u>उदाहरण</u>

**(क) रु. नौ करोड चालिस लाखको सार्वजनिक निष्काशनका लागि : रु. १००,००० (एक लाख)**

**(ख) <u>रु. २५ करोडको सार्वजनिक निष्काशनका लागि</u>**

| | | |
|---|---|---|
| पहिलो दस करोडको लागि शुल्क | : | रु. १००,००० |
| दोस्रो दस करोडको लागि शुल्क | : | रु. ५०,००० |
| बाकी ५ करोडको लागि शुल्क | : | रु. ५०,००० |
| **जम्मा** | **:** | **रु. २००,०००** |